# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३८७ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- कच्चा ऊनको आयात व्यवस्था वारे ।

महाशय,

कच्चा ऊनको आयात सम्बन्धमा निम्न व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. <u>तिब्बतबाट गरिने कच्चा ऊनको आयात व्यवस्था</u> :

तिब्बतबाट आयात गरिने कच्चा ऊनको भुक्तानी प्रतीतपत्र बाहेक ड्राफ्ट/टि.टि.बाट गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गरी परिवर्त्य विदेशी मुद्रा सटही उपलब्ध गराउन सकिनेछ ।

(क) सम्बन्धित आयातकर्ताबाट निवेदन सहित क्रेता र विक्रेता बीचको सम्झौतापत्र हुनुपर्नेछ । यस्तो किसिमको सम्झौतामा चिनीयाँ राजदूतावास वा नेपाल हिमालपार व्यापार संघले प्रमाणित गरेको हुनुपर्दछ ।

(ख) फर्म रजिष्ट्रेशन प्रमाणपत्र, आयकर प्रमाणपत्र र प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) संलग्न हुनुपर्नेछ। कन्ट्राक्ट पेपर (Contract Paper) भएको हकमा कन्ट्राक्ट पेपर (Contract Paper) समेत निवेदन साथ लिनुपर्नेछ ।

(ग) अग्रिम भुक्तानी गरी कच्चा ऊन आयात गर्नेको हकमा नेपाल भित्रिएको प्रमाण स्वरूप भंसार प्रज्ञापनपत्र र भुक्तानी दिएको निस्सा पेश गर्ने शर्तमा खण्ड "क" र "ख" मा उल्लेखित कागजातहरूको आधारमा ड्राफ्ट वा टि.टि. को माध्यमवाट भुक्तानी हुने गरी सटही उपलव्ध गराउन सकिनेछ ।

(घ) यदि ऊन उधारोमा आयात गरेको भएमा नेपाल भित्रिएको प्रमाण स्वरूप भंसार प्रज्ञापनपत्र हेरी सम्बन्धित पार्टीलाई भुक्तानी दिए पछि भुक्तानी दिएको निस्सा बुझाउने शर्तमा ड्राफ्ट वा टि.टि. को माध्यमद्वारा विदेशी मुद्रा उपलब्ध गराउन सकिनेछ ।

२. <u>प्रतीतपत्र मार्फत गरिने कच्चा ऊनको आयात व्यवस्था</u> :

नेपाली आयातकर्ताहरूको अनुरोधमा विदेशबाट कच्चा ऊन पैठारी गर्दा प्रचलित व्यवस्थाको अधीनमा रही खोलिने प्रतीतपत्रमा सो कच्चा ऊन ४"- ६" लम्बाइको हुनुपर्ने शर्त राखी प्रतीतपत्र खोल्नुपर्नेछ । साथै यस्तो प्रतीतपत्र खोल्दा व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रको सिफारिश अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक